Online Journalists Association

अनलाइन पत्रकार संघ
Online Journalist's Association

मिति : २०८२/०५/१९ गते ।

**सामाजिक संजाल बन्द गर्ने सरकारको निर्णयप्रति गम्भीर ध्यानाकर्षण**

नेपाल सरकारले नेपालमा सुचीकरण नभएका भन्दै अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको पर्याय बनेका सामाजिक संजाल बन्द गर्ने निर्णय गरेकोप्रति अनलाइन पत्रकार संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालमा सुचीकरण नभएको नाममा नागरिकले व्यक्तिगत, सामुहिक तथा संस्थागत रुपमा अभिव्यक्तिको माध्यम बनाएका फेसबुक, युटुब, एक्स जस्ता सामाजिक संजाल बन्द गर्ने सरकारको निर्णय हचुवाको भरमा गरिएको निर्णय हो, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको सोझो प्रहार हो । सामाजिक संजाल बन्द गर्ने सरकारी निर्णयले तत्कालिन राजा ज्ञानेन्द्र शाहको शासनकालमा मोबाइल सेवा बन्द गराएको झल्को आएको छ ।

निर्वाचन प्रक्रियाबाट आएको र लामो लोकतान्त्रिक इतिहास बोकेका दलहरुको सरकारले त्यस्तै तानाशाही मार्ग अबलम्बन गर्न लागेका हुन कि भन्ने आभाष मिलेको छ । अनलाइन पत्रकार संघ अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रतामा कुनै सम्झौता गर्न सक्दैन । सुचीकरण नभएको नाममा सामाजिक संजाल बन्द गर्ने गराउने भन्ने सरकारको निर्णय गैरसंवैधानिक छ, आपत्तिजनक छ, हचुवाको भरमा आएको छ र लोकतन्त्र विरोधी छ । अनलाइन पत्रकार संघ सरकारलाई यो निर्णय तत्काल सच्याउन आग्रह गर्दछ ।

शिवप्रसाद सत्याल

अध्यक्ष